


प्रिय पाठक,

मानव जीवनमा बाटो एक मुख्य विषय हो, शहरमा होस् या गाउँबस्तीमा। केही समय अघिको कुरा, एम.पी. को चुनाव समय नजीक थियो। सिलिगुड़ीबाट प्रकाशित हुने नेपाली पत्रिकामा यसरी पढ़ियो,'भोट हाल्नभन्दा पहिले हाम्रो गाउँः बस्तीको सड़क, सरकारले मरमत नगरे हामी बरबोटेको (कालेबुङ) ले भोट बहिस्कार गर्नेछौं।' विचार गर्नुहोस् त। बाटो कति आवश्यक रहेछ।

स्वर्गलोक छ भनी विश्वास गर्नेहरूका लागि पनि त्यहाँ पुग्ने बाटोको अत्यावश्यक छ। यस लोक छोड़ी परलोक त जानैपर्छ *'किनकि मानिसको जीवन त बाफजस्तो हो, जुन थोरै समयको लागि देखापर्छ र त्यसपछि हराइ जान्छ'*। तर मानिसको आत्मा 'म' भनिने हराउँदैन। यस लोकमा त तपाईं हामी विदेशी जस्तो भएर बसेको छौं। यस लोकमा बस्नको लागि पाएको समय पूरा भएपछि हिँडीहाल्नुपर्छ। *'स्त्रीबाट जन्मेको मानिसको आयु थोरै दिनको हुन्छ'*। जानु त जानु, कहाँ जानु? स्वर्ग र नरक छ भन्छ, जाने ठाउँ, सबैले त्यो कहाँ छ? कसले बाटो दखाइदिने?

हाम्रो देशमा धेरै आए धेरै रूपमा धेरै बोलीमा तर कोही आदमवंशीले स्वर्गलोक जाने बाटो देखेको छैन। बाइबलले यसरी भन्छः *''कुनचाहिँ आदमवंशी स्वर्गलोकसम्म उक्लेको छ?''*(उपदेशक ३०:४)। पृथ्वीबाटको, माटोले बनिएको मानिस स्वर्गलोकसम्म उक्लेको र ओर्लेको छैन। धेरैले नै स्वर्गलोकको कुरा गर्छ, पुग्ने इच्छा राख्छ, मरेपछि बैकुण्ठबास होस् भन्छ तर बाटो चिन्दैन, टाढ़ा-टाढ़ादेखि सिक्किम घुम्न आएकाहरूले पश्चिम सिक्किममा भएको 'खेचिपेरी'

पोखरी हेर्न जाने इच्छा गऱ्यो भने तिनीहरूलाई त्यहाँ पुऱ्याउने अगुवा हुनुपर्छ। मार्गदर्शकले जाने बाटो देखेको हुनुपर्छ, त्यहाँ पुगेको हुनुपर्छ। त्यो पोखरीको भेदपूर्व ऐतिहासिक र धार्मिक ज्ञान उनमा हुनुपर्छ, ती घुम्न आउनेहरूले सोधेमा, सुनाउनु।

यो घटना चार वर्ष अघिको हो। एक जना विदेशी अङ्ग्रेजी नारी सिक्किम घुम्न आएकी थिइन्। तिनले सिक्कममा बस्न पाएकी समय पूरा हुनुभन्दा एकदिन अघि दक्षिण सिक्किमको जोरथाङ शहर घुमी भोलिपल्ट सिक्किम छोड्ने विचार गरेकी रहेछिन्। तिनलाई कुन गाड़ी चढ़ेमा जोरथाङ पुगिन्छ, गाड़ी कहाँ चढ्नुपर्छ, त्यो ज्ञान थिएन। तिनी 'सिक्किम ब्यूटी' बसमा खलासीबाट टिकट लिएर पसेकी रहेछिन्। सिक्किम ब्यूटी जोरथाङ जाँदैन। गान्तोकदेखि सिलिगुड़ी, सिलिगुड़ीदेखि गान्तोक ओहोर-दोहोर गर्ने बस हो त्यो त! विचरी टुरिस्टलाई के थाह! यो कलमकार पनि त्यही बसमा थियो। 'पानी टंकी', सिलिगुड़ी पुगेपछि, बस रोकियो। त्यतिबेला पो त्यो टुरिस्ट नारीले अङ्ग्रेजीमा सोधिन्, 'के यो जोरथाङ हो?' छेउको एकजनाले जवाफ दिन्छ, 'होइन, यो त सिलिगुड़ी, पश्चिम बंगाल हो'। त्यस टुरिस्टले भनिन्, 'मैले त जोरथाङको लागि पो टिकट लिएको।' बिचरा त्यो नारीलाई न त जोरथाङको बाटो थाहा थियो न त कुन गाड़ीमा गए जोरथाङ पुग्छ, त्यसको ज्ञान नै थियो। बिचरा, जोरथाङ सधैं-सधैंको लागि पुग्न सकिनन्। उसको खलासीद्वारा टुरिस्टलाई धोका भयो।

पाठकहो, कहीं पनि पुग्नको लागि बाटो। तर बाटो र बाटो देखाउने चिन्नुपर्छ। जब कसैले घर बनाउँछ त घरसम्म पुग्ने बाटो पनि त बनाउँछ भने सृष्टिकर्ता परमेश्वरले सृष्टि गर्नुभएको स्वर्गलोक र त्यहाँ पुग्ने बाटो पनि अघि नै तयार गरिसक्नुभएको छ।

येशू ख्रीष्टले लगभग दुई हजार वर्ष अघि मानवचोलामा यरूशलेम शहरको बेथलेहेम गाउँमा जन्म लिनुभयो। यो कथा होइन। येशू ख्रीष्ट जन्मेको दिनलाई 'ख्रीष्टमस' (Christmas) को नाममा सारा संसारले धुमधामसँग खुशी मनाउँछ। त्यो दिन सरकारी गैरसरकारी सबै अफिसहरूको छुट्टी हुन्छ। परमेश्वर मानव भएर मानवबीच आउनुहुने येशू ख्रीष्ट स्वर्गलोकमा नै हुनुहुन्थ्यो भनी बाइबलले यसरी भन्दछ, *'स्वर्गबाट ओर्ली आउने येशू ख्रीष्टबाहेक कोही पनि स्वर्गमा उक्ली गएको छैन'*(यूहन्ना ३:१३) स्वर्गलोकको बाटो र यो बाटो देखाउने अरू कोही नभएर ख्रीष्ट येशू स्वयं हुनुहुन्छ। उहाँले देखाउनुभएको बाटोमा नहिँड्नेहरू स्वर्गलोकमा होइन तर नर्कलोकमा चाहिँ निश्चय नै पुग्छ। येशू ख्रीष्ट

संसारमा स्वर्गलोक पुऱ्याउने बाटो देखाउन आउनुभयो। *उहाँले भन्नुभयो, बाटो म नै हुँ, मद्वाराबाहेक कोही पनि परमेश्वरको स्वर्गलोकमा पुग्न सक्दैन* (यूहन्ना १४:६)। संसारमा उहाँले म परमेश्वर हुँ भनी बिगुल फूकी हिँड्नुभएन तर मान्छेले गर्न नसक्ने र नसकेका त्यस्ता कार्य गरेर मान्छेलाई आफू परमेश्वर हो भनी बुझाउने काम गर्नुभयो।

छारेरोग लागेकोलाई निको पार्नुभयो ओखती दिएर होइन, आफूमा भएको ईश्वरीय शक्तिले। अन्धाको आँखा खोलीदिनुभयो। पक्षघातको बिमारीलाई निको पार्नुभयो। मरेकी कन्यालाई जीवित पार्नुभयो। मरेर चिहानमा राखेको चार दिन भइसकेको मृतकलाई बोलीद्वारा जस्ताको तस्तै जिउँदो पार्नुभयो। यस्ता अनेकौं आश्चर्यकर्महरू उहाँले गर्नुभयो। बाइबलले यसरी भन्छ– *येशू ख्रीष्ट सेवा गरिनलाई होइन तर सेवा गर्न र धेरैको उद्धारको निम्ति आफ्नो प्राण दिन आउनुभएको हो* (मर्कूस १०:४५)।

मानिसबाट 'म' भन्ने कुरा निस्केपछि पुग्ने ठाउँ दुईवटा मात्र छन् – स्वर्गलोक र नर्कलोक। अब विचार गर्नुपऱ्योः स्वर्गलोक र नर्कलोक तपाईं कुनचाहिँ रोज्नुहुन्छ? कुनै अर्को उपाय (alternative) छैन। स्वर्ग पुग्नको लागि येशू ख्रीष्टमाथि विश्वास गर्नुपर्छ। तपाईंको रोजाइ, स्वर्गलोक हो भने, तपाईंलाई बाधा दिने पनि निस्कन्छन्; यसको वास्ता गर्नुभएन। बाँदरले आफैं पनि घर बनाउँदैन र बनाउनेहरूलाई पनि बनाउन दिँदैन। येशू ख्रीष्टमाथि विश्वास गर्दा हुनसक्छ, तपाईंको परिवार, आफन्त र छिमेकीहरूले पनि अङ्ग्रेजी धर्म पो समातेछ भन्लान्। पाठकज्यू, यस्ता भनाइहरू झ्याउँकिरी कराएको
जस्तो मात्र हो। बाँदरले नरिवल पाउँदा, खाने उपाय नजानेर फ्याँकिदिन्छ। त्यसले भित्री भागको मिठास जानेको भए पो त! येशू ख्रीष्टमाथि विश्वास नगर्नेहरूको लागि स्वर्ग पनि यस्तै हुन्छ।

तपाईं नरकको बाटोमा हुनुहुन्छ र असंख्य पाप गरिसक्नुभएको छ, यदि पापको वजन गर्न मिल्ने भए तपाईंको शरीरको वजनभन्दा धेरै गुणा बढ़ी हुन्छ। तपाईंले डोकोको डोको पाप गरेको भए तापनि, पाप क्षमा गर्नको लागि येशू ख्रीष्टले यरूशलेम शहरको 'कलभरी' भनिने डाँड़ामा काठको क्रूसमा आफ्नो प्राण दिनुभयो।

बाइबलले यसरी भन्छ, 'येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ'। येशू ख्रीष्ट संसारमा धेरैको उद्धारका निम्ति आफ्नो प्राण दिन आउनुभएको हो। बप्तिसमा दिने यूहन्नाले येशूलाई आफूतिर आइरहेको देखेर, सयौं मानिसहरूको

मध्यमा कराएर भने, 'हेर! संसारको पाप उठाई लैजाने परमेश्वरको पाठो' । उहाँ मुटुको व्यथाले मर्नुभएको होइन। उहाँमाथि धर्मगुरूहरूले जबरजस्ती झूटो दोष लगाई, बलजफ्त गरेर अदालतमा खड़ा गराए। उहाँमाथि दोषमाथि दोष लगाइयो तर धर्मगुरूहरूले अदालतमा उहाँलाई दोषी साबित गर्न सकेनन्। न्यायधीश भन्छ, धर्मगुरूलाईः तिमीहरूले जसलाई दोषी बनाएर मकहाँ ल्यायौ, मैले उनलाई जाँचे, तर मैले उनमा कुनै पनि दोष पाउन सकिनँ, उनी एकदम निर्दोष छन्। कानूनको विरूद्ध निर्दोषलाई जबरजस्ती सजाय दिन धर्मगुरूहरूले जनतालाई उल्काएर जनताको आड़मा न्यायाधीशमाथि पनि दबाब हाले। न्यायाधीश डराए, फलस्वरूप, निर्दोष सबुत भएको येशूलाई कलभरी भनिने डाँड़ामा क्रूसमा झुण्डाइयो। कानूनको दुरूपयोग भयो। हरेकलाई स्वर्गलोक पुऱ्याउनका लागि येशूले क्रूसमा प्राण त्याग्नुभयो। हरेकलाई स्वर्गलोक पुऱ्याउनको लागि येशूले क्रूसमा आफ्नो प्राण त्याग्नुभयो। उहाँ गाड़िनुभयो र तेश्रो दिनमा येशू मृत्युदेखि बौरी उठ्नुभयो। यो स्वर्गदूतको गवाही हो, 'येशू यहाँ हुनुहुन्न, उहाँ बौरी उठ्नुभयो'।

स्वर्गलोक, येशूबाहेक कसैले पुऱ्याउन सक्दैन। उहाँ स्वर्गमा हुनुहुन्थ्यो। येशू स्वयं परमेश्वर हुनुहुन्छ। स्वर्गमा कोही उक्ली गएको छैन, केवल उनी जो स्वर्गबाट ओर्ली आएका छन् अर्थात् येशू ख्रीष्ट। येशू बौरी उठेपछि ४० दिनसम्म चेलाहरूको–बीचमा देखापर्दै र खाँदै रहनुभयो। ४०औं दिनमा उहाँ मानिसहरूसँग बोल्दा–बोल्दै स्वर्ग उक्ली जानुभयो। त्यो अङ्ग्रेज टूरिस्ट नारी जोरथाङ हिँड़ेकी जोरथाङ नपुगेर सिलिगुड़ी पुगिन्। पाठकहो, तपाईं पनि येशू नामको बाटोमा हिँड्नुभएन, येशू नामको गाड़ीमा चढ्नुभएन भने स्वर्गलोक नपुगेर नर्कलोक नै पुग्नुहुन्छ।

---

*यो पर्चा कसैको धर्म परिवर्तन गर्न वा कसैको विश्वास र आस्थामाथि चोट पुऱ्याउन नभई परमेश्वरको प्रेम, उद्धार, क्षमा, शान्तिको सन्देश सबै जातजाति, भाषाका मानिसहरूलाई बताई सत्यको ज्ञानमा ल्याउनका लागि हो।*

---

यस महान् मुक्तिको विषयमा राम्ररी जान्नलाई निम्नांकित ठेगानामा कृपया पत्र तथा फोनद्वारा सम्पर्क राख्नु सक्नुहुनेछ।

*कनान प्रेयर हाउस*
*बुद्धनगर, काठमाण्डौं, नेपाल।*
०१ ५३१२५८०